# स्थानीय सरकार
# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

पोखरी आय ठेक्का सम्बन्धि सूचना ।

प.सं.: ०८३/०८४

प्रथम पटक प्रकाशित मिति २०८३/०५/०४

रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको देहायका पोखरीहरु आय ठेक्का बनदोबस्त गर्नु पर्ने भएको हुदा रामग्राम नगरपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम तपसिलको शर्तहरु मञ्जुर गरी तपसिलका पोखरीहरु ठेक्का बन्दोबस्त गर्नका लागि इच्छुक फर्म / व्यक्ति मार्फत सिलबन्दी दरभाउ पत्र आहवानका लागि ७ दिने सुचना प्रकाश गरिएको छ ।

**शर्तहरु :**

१.लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८३/०५/१० गते ) भित्र कार्यालय समयमा कार्यालयको राजश्व शाखाबाट दरभाउ पत्र फारम रु.१००० (फिर्ता नहुने गरि) खरीद गरि दर्ता गर्नुपर्नेछ । दर्ता भएको सिलबन्दी निवेदन ८ औं दिनको १:०० बजे कार्यालयको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सिलबन्दि दरभाउ पत्र खोल्दा निवेदन दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन ।

२. सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खुल्ने दिन सिलबन्दी दरभाउ पत्र दाखिला गर्न र खोल्न सकिनेछ ।

३. सिलबन्दी दरभाउ पत्र पेश गर्दा व्यक्तिको हकमा नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि,स्थायी लेखा नम्बर (PAN Number) र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि स्थानीय तहमा दर्ता नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४.सिलबन्दी दरभाउ पत्र खाम बाहिर रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित पोखरीको नाम स्पष्ट रुपमा उल्लेख गरिनुको साथै निवेदकको आफ्नो नाम र ठेगाना उल्लेख गरि पेश गर्नुपर्नेछ ।

५. सिलबन्दी दरभाउ पत्र दाताले पेश गरेका कबोल अंक र अक्षरमा उल्लेख गरि पेश गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ।

६. पेश भएको निवेदन स्वीकृत गर्ने वा नगर्ने, कुनै कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

७. पहिला देखि पोखरी ठेक्कामा लिनेको ठेक्का रकम बुझाउन बाकी भए निवेदन पेश गर्नु भन्दा अगाडी बुझाई सक्नु पर्नेछ । अन्यथा निज वा निजको परिवारले पोखरी ठेक्का लिन पाउने छैन ।

८.पोखरी (बहाल)मा लिई सकेपछि नेपाल सरकारलाई बुझाउनु पर्ने बहालकर र अन्य कर सम्बन्धि बहाल लिनेले बुझाउनु पर्नेछ ।

९.सिलबन्दी दरभाउ पत्र दाताले आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हने रकम धरौटी वापत रामग्राम नगरपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, परासी शाखामा रहेको धरौटी खाता नं. च.हि.नं. ३१००१००३०३००००००२ ग ३ मा जम्मा गरेको सक्कल भौचर वा नगदै खाम भित्र राखि पेश गर्नु पर्ने छ ।

१०. प्रथम किस्ता रकम बुझाईसके पछि १ बर्षको लागि पट्टा चलान पुर्जी दिइनेछ । दोस्रो किस्ता रकम बुझाई सकें पछि दोस्रो बर्षको लागि पट्टा पुर्जी दिईनेछ एवम सोही प्रकारले पाँच बर्ष सम्म किस्ता रकम बुझाई सके पछि सो वर्षको लागि पट्टा चलान पुर्जी दिईनेछ ।

११.पोखरीको समयावधि २०८८ अषाढ मसान्त सम्मका लागि हुनेछ । अन्य कुरा नगरपालिकाले उल्लेख गरे बमोजिम हुनेछ ।

१२.यस सम्बन्धि थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

| क्र.स. | पोखरीको नाम | पोखरी रहेको स्थान | प्रस्तावित न्यूनतम ठेक्का कबोल अंक (पाच बर्षका लागि)(रू.) |
|---|---|---|---|
| १ | सहुवाटिकर गाउँ पोखरी | रामग्राम १ | ३३२००० |
| २ | इटहिया पोखरी | रामग्राम ४ | २००००० |
| ३ | बौडहवा पोखरी | रामग्राम ९ | ४४०१५० |
| ४ | मंझरिया पकडिहवा पोखरी | रामग्राम १० | ४०२००० |
| ५ | पुर्वारी पोखरी | रामग्राम १६ | १६९१०० |
| ६ | पुर्वारी, मटखन्ना,बेलोहा, अमलहवा, बसहिया(६ पोखरी) | रामग्राम १६ | ८४६००० |
| ७ | धुनियानी पोखरी | रामग्राम १६ | १७१००० |
| ८ | महुवारी पुरनहिया पोखरी | रामग्राम १७ | ११०५०० |
| ९ | घनश्याम निरको पोखरी | रामग्राम १७ | १५५००० |
| १० | परर्नहवा पोखरी | रामग्राम १७ | ३५२००० |
| ११ | ताल तिन वटा | रामग्राम १७ | १३३६०० |

प्रमुख प्रशासकीय अधिकृत